
गुणस्तरहीन काम

# तीन महिनामा उप्कियो कालोपत्रे

**ठाकुरप्रसाद आचार्य**
*बेनी, पुस ८ गते*

म्याग्दीको बेनी नगरपालिकाको रत्नेचौर–भकुन्डे सडक कालोपत्रे गरेको तीन महिनामै उप्किएको छ। ठेकेदारको लापर्बाहीका कारण सडकका विभिन्न स्थानमा कालोपत्रे उप्किँदा खाल्टाखुल्टी परेका छन्। ठेकेदारले कमसल खालको कालोपत्रे गरेकाले चाँडै नै उप्किएको स्थानीयले बताएका छन्। कालोपत्रे उप्किएपछि स्थानीयले विरोध जनाउँदै फेरि कालोपत्रे गर्नुपर्ने माग गरेका छन्।



तस्बिर : ठाकुरप्रसाद आचार्य

**कालोपत्रे उप्किएको सडक ।**

सडक डिभिजन कार्यालय बागलुङमार्फत 'एक निर्वाचन क्षेत्र, एक सडक आयोजना' अन्तर्गत सञ्चालित बेनी नगरपालिकाको रत्नेचौरदेखि भकुन्डे जोड्ने सडकको उपल्लाचौर–अर्जम–बिमिराबोट खण्डको सडकमा हालै कालोपत्रे गरिएको थियो।

सडकमा बिछ्याइएको चिप्स नसमातेको र सडक खाल्टाखुल्टी बनेको बेनी नगरपालिका–१ का वडा सदस्य ताराप्रसाद थापाले बताउनुभयो। उहाँले भन्नुभयो, "सडक कालोपत्रे गरेको तीन महिना पनि भएको छैन। सबैतिर कालोपत्रे उप्किएर खाल्टाखुल्टी परिसके। कमसल खालको कालोपत्रे भएकाले फेरि कालोपत्रे गर्न भने पनि सम्बन्धित निकायले कुनै सुनुवाइ गरेको छैन।"

पटक पटक गुनासो राख्दा पनि सुनुवाइ नभएपछि स्थानीयवासीले सडक डिभिजन कार्यालय बागलुङ घेराउ गर्ने योजना बनाएको बताएका छन्। उपल्लाचौर–अर्जम–बिमिराबोट खण्डमा हालै दोस्रो चरणको कालोपत्रे गरिएको छ। बिमिराबोट–भकुन्डे–तमाने खण्डको सडकमा संरचना तयार पारेर कालोपत्रे गर्ने तयारी भएको छ।

बेनी नगरपालिका–२ का वडाध्यक्ष यामबहादुर कार्कीले सडक निर्माणमा भएको लापर्बाहीबारे अनुगमन समितिले लिखित पत्र पठाउँदासमेत सम्बन्धित निकायले बेवास्ता गरेको गुनासो गर्नुभयो। उहाँका अनुसार पुनः एक पटक सडक डिभिजन र ठेकेदारलाई बिग्रिएको सडकलाई सुधार गर्न लगाउने प्रयास गरिने र स्थानीयको माग अनुसार काम नभए आन्दोलन गर्नुपर्ने योजना स्थानीयले बनाएका छन्।

उहाँले सडक डिभिजन कार्यालयका प्रमुख र प्राविधिकसहितको टोलीलाई कालोपत्रे सडकको अनुगमन गर्न अनुरोध गरिएको बताउनुभयो। सात किलोमिटर सडक विस्तार, नाली, टेवा पर्खाल निर्माण, घुम्ती तथा ग्रेड सुधार गरेर कालोपत्रेका लागि सञ्चालित योजनाको आधाभन्दा बढी भाग दोस्रो चरणको पनि कालोपत्रे भइसकेको छ। नौ मिटर फराकिलो बनाइएको सडकमा सात मिटर चौडाइका दरले कालोपत्रे र ढलान गर्ने सम्झौता छ।

उक्त योजना निर्माण गर्न २०७९ भदौ ६ गते गजेन्द्र–नयाँबाटो जेभीले २३ करोड ३२ लाख रुपियाँमा ठेक्का सम्झौता गरेको थियो। ३० महिनाको ठेक्का अवधि भएको योजनाको म्याद २०८२ फागुनसम्म थप भएको छ। ठेकेदारले सम्झौता अनुसारको सामग्री प्रयोग नगर्दा कालोपत्रे उप्किएको स्थानीयले बताएका छन्।

# अस्पतालमा जनशक्ति र उपकरण अभाव

**रामकृष्ण बोहोरा**
*बागलुङ, पुस ८ गते*

बुर्तिबाङ जिल्ला अस्पतालमा जनशक्ति, उपकरण र रक्तसञ्चार केन्द्रको अभाव देखिएको छ। नियमित शल्यक्रिया सेवा सञ्चालन गर्न रक्तसञ्चार केन्द्रको अभाव छ भने जनशक्ति कमी हुँदै गएको छ। अस्पतालका प्रमुख डा. अविनाश पोखरेलका अनुसार सामान्य बिल भुक्तानीमा पनि प्रदेश जनस्वास्थ्य कार्यालयमा लेखी पठाउनुपर्ने अवस्था रहेको छ।

डा. पोखरेलले भन्नुभयो, "लेखा कर्मचारीको अभावले अस्पतालमा चाहिने सामान्य मसलन्द खरिद गर्न नसकिने अवस्था रहेको छ।" अस्पतालमा लेखा अधिकृत र सहलेखापालको दरबन्दी भए पनि जनशक्ति आपूर्ति हुन सकेको छैन। अस्पतालमा मेडिकल सुपरिन्टेन्डेन्टसहित तीन चिकित्सक रहेका छन्। स्त्रीरोग विशेषज्ञ, हाडजोर्नी सेवामा पनि जनशक्ति अभाव छ। अस्पतालले विज्ञापन गर्दा पनि स्त्रीरोग विशेषज्ञ नआएकाले मन्त्रालयले छात्रवृत्ति करार कोटाबाट पठाइदिएमा सहज हुने डा. पोखरेलको भनाइ छ।

अस्पतालले आन्तरिक व्यवस्थापन गरेर स्वास्थ्यकर्मीको आवास हटाएर वार्ड बनाइएको छ। त्यसै गरी दुई वटा भेन्टिलेटर, क्याबिन र बालबालिकालार्ड समेत बनाउन लागिएको डा. पोखरेलले जानकारी दिनुभयो।

डा. पोखरेलले भन्नुभयो, "अझै जटिल प्रसूति शल्यक्रियापछिका लागि आइसियु छैन।" अस्पताल घोषणा भए पनि उपकरण, जनशक्ति र व्यवस्थापनमा ढिलाइ भएको उहाँले बताउनुभयो।

अस्पतालले शिशुलाई जन्डिसबाट बचाउन फोटोथेरापी सेवा पनि सञ्चालनमा ल्याएको छ। अस्पतालमा फेयरमेड फाउन्डेसन र गण्डकी प्रदेश सरकारको सहयोगमा सुविधासम्पन्न ल्याब बनेपछि गत वर्ष मात्रै ३० हजार बिरामीले सेवा लिएको तथ्याङ्क अस्पतालसँग रहेको छ। गत वर्ष २६० जना सुत्केरी भएकोमा १९ वटा अपरेसन बुर्तिबाङ अस्पतालमा गर्न सफल भएको थियो तर अस्पतालमा विद्युत् अभाव हुँदा शल्यक्रियामा जोखिम मोल्नुपर्ने बाध्यता रहेको डा. पोखरेलले सुनाउनुभयो।

अस्पताललाई आवश्यक सामग्री, उपकरण र जनशक्ति व्यवस्थापनमा सरकारले चासो नदेखाएको भवन निर्माण समितिका तत्कालीन अध्यक्ष चन्द्र अर्याल बताउनुहुन्छ। मध्यपहाडी लोकमार्गछेउमै भएकाले अस्पतालमा ट्रमा सेन्टर स्थापना गरेर सेवा दिन सके दुर्घटनाका बिरामीको उपचारमा सहज हुने अर्यालको भनाइ छ।

ढोरपाटन नगरपालिका, निसीखोला र तमानखोला गाउँपालिकासहित बडीगाड गाउँपालिका, गुल्मी, रोल्पा र रुकुमसम्मका बिरामी बुर्तिबाङ अस्पतालमा उपचार गर्न आइपुग्छन् तर पर्याप्त सेवा नहुँदा पाल्पा वा बुटवल रेफर गर्नुपर्ने बाध्यता छ। आवश्यक सेवा सुविधा तथा उपकरण उपलब्ध भए सेवा विस्तार गर्न सकिने डा. पोखरेलले बताउनुभयो।

# मानव कङ्काल फेला

**सुलीकोट समाचारदाता**
*सुलीकोट, पुस ८ गते*

गोरखा जिल्लाको गोरखा नगरपालिका अन्तर्गत रहेको लसुने जङ्गलमा मानव कङ्काल फेला परेको छ। जिल्ला प्रहरी कार्यालय गोरखाका अनुसार गोरखा नगरपालिका–५ का स्थानीयले जङ्गल क्षेत्रमा शङ्कास्पद वस्तु देखेपछि प्रहरीलाई जानकारी गराएका थिए।

प्रहरी कार्यालय गोरखाका प्रहरी नायब उपरीक्षक राजकुमार श्रेष्ठका अनुसार प्रहरीले घटनास्थलबाट मानव कङ्कालसँगै एक थान किप्याड मोबाइल फोन, एक जोर जुत्ता, ट्र्याक पाइन्ट र कमिजसमेत फेला परेको छ।

प्रारम्भिक अनुसन्धानबाट मानव कङ्काल कसको हो भन्ने पहिचान हुन नसकेको भए तापनि घटनास्थलमा भेटिएको मोबाइल फोन भने बारपाक सुलिकोट गाउँपालिका–३ स्थायी घर भएका ४० वर्षीय जङ्गबहादुर गुरुङको भएको पुष्टि भएको जिल्ला प्रहरी कार्यालय गोरखाले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय गोरखाका अनुसार मोबाइलको विवरण कल रेकर्ड तथा अन्य प्राविधिक पक्षका आधारमा थप अनुसन्धान अघि बढाइने भएको छ। कङ्काल लामो समयदेखि जङ्गलमै रहेको अनुमान गरिए पनि निजको मृत्युको कारण, समय र अवस्था यकिन भइनसकेको प्रहरीले बताएको छ।

# फरार कैदीबन्दी खोजी गरिँदै

**तनहुँ समाचारदाता**
*तनहुँ, पुस ८ गते*

जेनजी आन्दोलनका क्रममा तनहुँ कारागारबाट फरार भएकामध्ये ६५ कैदीबन्दी अझैसम्म सम्पर्कविहीन छन्। कारागारमा रहेका कुल ३२७ कैदीबन्दीमध्ये हालसम्म २६२ जना मात्र फिर्ता भएका छन् भने बाँकी ६५ जना अझै नफर्किएको प्रहरीले जनाएको छ।

आन्दोलनको झन्डै तीन महिना बितिसक्दा पनि सम्पर्कमा नआएकाको खोजी कार्यलाई प्रहरीले निकै तीव्रता दिएको छ। फरार भएकामध्ये केही व्यक्ति परिस्थिति सामान्य भएपछि आफैँ कारागार फर्किएका भए पनि ठूलो सङ्ख्या अझै बाहिरै रहेकाले उनीहरूलाई पक्राउ गर्न विशेष सुरक्षा टोली परिचालन गरिएको छ। आन्दोलनको समयमा उत्पन्न असहज परिस्थितिको फाइदा उठाउँदै कैदीबन्दीहरू कारागारबाट भागेका थिए।

जिल्ला प्रहरी कार्यालय तनहुँका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक श्रवणकुमार विकका अनुसार फरार सूचीमा रहेकाको सम्भावित लुक्ने स्थान र उनीहरूको आफन्तको घर ठेगाना पहिचान गरी खोजी भइरहेको छ। प्रहरीले फरार कैदीबन्दीलाई आफैँ सम्पर्कमा आउनसमेत आग्रह गरेको छ। सम्पर्कमा नआउनेलाई प्रहरीले खोजी गरी पक्राउ गर्ने र उनीहरूमाथि थप कानुनी प्रक्रिया अगाडि बढाउने तयारी गरेको छ।

---

Madhesh Province Government
Ministry of Physical Infrastructure Development.
**Infrastructure Development Directorate**
**Provincial and Local Roads Improvement Program (PLRIP)**
**Provincial Project Management Unit (PPMU)**
**Janakpurdham, Dhanusha, Nepal**

**REQUEST FOR EXPRESSIONS OF INTEREST (CONSULTING SERVICES – INDIVIDUAL)**

**First Date of Publication: December 24, 2025**

**Loan No./Credit No./ Grant No.: P171836 (Loan)**

| Assignment Title: | Required Number | Reference No. |
|---|---|---|
| Contract Management and Procurement Specialist (CMPS) | 1 | PLRIP/MADHESH/CS/IND/CMPS/1/082-83 |
| Provincial Quality Monitor (PQM) | 2 | PLRIP/MADHESH/CS/IND/PQM/2/082-83<br>PLRIP/MADHESH/CS/IND/PQM/3/082-83 |
| Road Maintenance Engineer (RME) | 1 | PLRIP/MADHESH/CS/IND/RME/4/082-83 |
| Road Maintenance Sub Engineer (RMSE) | 8 | PLRIP/MADHESH/CS/IND/ RMSE /05/082-83<br>PLRIP/MADHESH/CS/IND/ RMSE /06/082-83<br>PLRIP/MADHESH/CS/IND/ RMSE /07/082-83<br>PLRIP/MADHESH/CS/IND/ RMSE /08/082-83<br>PLRIP/MADHESH/CS/IND/ RMSE /09/082-83<br>PLRIP/MADHESH/CS/IND/ RMSE /10/082-83<br>PLRIP/MADHESH/CS/IND/ RMSE /11/082-83<br>PLRIP/MADHESH/CS/IND/ RMSE /12/082-83 |
| Social Mobilizer (SM) | 3 | PLRIP/MADHESH/CS/IND/SM/15/082-83<br>PLRIP/MADHESH/CS/IND/SM/17/082-83<br>PLRIP/MADHESH/CS/IND/SM/18/082-83 |
| Environmental Risk Management Officer (ERMO) | 4 | PLRIP/MADHESH/CS/IND/ERMO/25/082-83<br>PLRIP/MADHESH/CS/IND/ERMO/26/082-83<br>PLRIP/MADHESH/CS/IND/ERMO/27/082-83<br>PLRIP/MADHESH/CS/IND/ERMO/28/082-83 |
| Social Risk Management Officer (SRMO) | 4 | PLRIP/MADHESH/CS/IND/SRMO/29/082-83<br>PLRIP/MADHESH/CS/IND/SRMO/30/082-83<br>PLRIP/MADHESH/CS/IND/SRMO/31/082-83<br>PLRIP/MADHESH/CS/IND/SRMO/32/082-83 |
| Road Safety Engineer (RSE) | 1 | PLRIP/MADHESH/CS/IND/ RSE/33/082-83 |

The Government of Nepal has received financing from the World Bank toward the cost of the **Provincial and Local Road Improvement Program (PLRIP)**, and intends to apply part of the proceeds for consulting services.

The consulting services ("the Services") include; supporting the PPMU for effective implementation of the Program. The components of the program are: Enhancing efficiency and resilience of Provincial Roads; Enhancing all-weather connectivity and access to Rural Municipalities; Institutional Strengthening and Capacity Development; Improvement of complimentary infrastructure and services; Contingent Emergency Response. The program will be implemented in three provinces: Madhesh, Karnali and Sudurpaschim. The detail scope of the services are stated in TOR.

The PLRIP-PPMU, Madhesh Province now invites eligible "Consultants" to indicate their interest in providing the Services. Interested Consultants should provide detailed curriculum vitae demonstrating that they have the required qualifications and relevant experience to perform the Services.

The shortlisting criteria for

- **Contract Management and Procurement Specialist (CMPS)** are: Minimum Master Degree in Business Administration/ Commerce/ Management/ Engineering/Economics/ or equivalent from a recognized University/Institution, Minimum 15 (Fifteen) years of general experience, Minimum 5 (Five) years of specific working experience in Public Procurement implementation supports including procurement operations and contract management. Minimum 3 (Three) years of specific procurement and contract management experience in development projects financed by Development Partners (DPs)
- **Provincial Quality Monitor (PQM)** are: Master's degree in civil engineering or equivalent from a recognized University/Institution, Minimum Fifteen (15) years of general experience, Minimum Five (5) years of specific experience in roads design and construction, bridge construction, Quality/ Material Engineer, Material Lab In-Charge in highway construction projects, or teaching Quality Control Procedure at university level and Site supervision in highway construction, Minimum 3 (Three) years of specific experience in DP funded road and bridge construction works, The applicant must be registered in Nepal Engineering Council (NEC)
- **Road Maintenance Engineer (RME)** are: Bachelor degree in Civil Engineering or equivalent from a recognized University/Institution, Minimum Ten (10) years of general experience. Minimum Five (5) years of specific experience in field of rural construction, rehabilitation and maintenance, Minimum 3(Three) years of specific experience in DP funded road and bridge construction works, The applicant must be registered in Nepal Engineering Council (NEC)
- **Road Maintenance Sub Engineer (RMSE)** are: Diploma degree in Civil Engineering or equivalent from a recognized University/Institution, Minimum Five (5) years of general experience, Minimum three (3) years of specific experience in field of rural construction, rehabilitation and maintenance, Minimum 2 (Two) years of specific experience in DP funded road and bridge construction works.
- **Social Mobilizer (SM)** are: At least +2 or equivalent level of academic qualification. Shall have at least 1 (One) year of experience in social mobilization in infrastructure related projects.
- **Environmental Risk Management Officer (ERMO)** are: Bachelor's Degree in Environmental Science/Environmental Engineering/Environmental Management from a recognized University/Institution, Minimum five (5) years of general experience in Environmental Safeguard/Risk Management works, minimum three (3) years of specific experience in roads' Environmental Safeguard/Risk Management Works, including two (2) years of specific experience in working with Development Partner-funded projects.
- **Social Risk Management Officer (SRMO)** are: Bachelor's Degree in sociology/Rural Development or other relevant field from the recognized University/Institution, Minimum five (5) years of general experience, Minimum three (3) years of specific working experience in roads Social Safeguard works, Minimum two (2) year of specific experience in Development Partners (DPs) roads' Social Safeguard Works.
- **Road Safety Engineer (RSE)** are: Master's degree in Highway/Transportation/Road Safety or equivalent from a recognized University/Institution, Minimum 10 (Ten) years of general experience, Minimum 5(Five) years of specific experience in the road safety sector. Relevant experience in the road safety engineering expert, including undertaking safety audits. Minimum 3(Three) years of specific experience in DP-funded road and bridge construction works The applicant must be registered in the Nepal Engineering Council (NEC).

The attention of interested Consultants is drawn to Section III of the *Procurement Regulations for IPF Borrowers Fifth Edition September 2023* ("Procurement Regulations"), setting forth the World Bank's policy on conflict of interest. A Consultant will be selected in accordance with the Individual Consultant's Selection method set out in the Procurement Regulations.

Further information and Terms of Reference can be obtained at the address below during office hours or may visit **https://ppmu.madhesh.gov.np** from where REOI notice and TOR could be downloaded.

Expression of Interest must be delivered in a written form along with a detailed resume to the address below through e-mail or hard copy by **January 7, 2026**

**Provincial and Local Roads Improvement Program (PLRIP)**
**Provincial Project Management Unit (PPMU)**
**Attn: Mr. Sanjay Prasad Sah**
**PPMU Chief**
**Tel: 9841150238, E-mail: plripmadhesh@gmail.com**

---

**रामगोपालपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**रामगोपालपुर, महोत्तरी, मधेश प्रदेश, नेपाल**

**पेश्की फछ्र्यौट सम्बन्धी ३५ दिने सूचना**

**प्रकाशित मिति :– २०८२।०९।०९ गते**

यस नगर कार्यपालिकाको कार्यालयबाट आर्थिक वर्ष २०८०।८१ मा तपसिलको उपभोक्ता समितिका पदाधिकारीहरूले पेश्की रकम लिएको र सो पेश्की रकम हालसम्म पनि यस कार्यालयको अभिलेखमा पेश्की फछ्र्यौट गर्न बाँकी देखिएकोले उक्त पेश्की रकम फछ्र्यौटका लागि यस कार्यालयबाट पटक–पटक ताकेता गर्दा समेत सम्बन्धित उपभोक्ता समितिका पदाधिकारीहरूले पेश्की फछ्र्यौट नगरेको हुँदा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५१ बमोजिम यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयबाट लिएको पेश्की रकम फछ्र्यौट गर्नुहुन अनुरोध छ। तोकिएको अवधिमा पेश्की रकम फछ्र्यौट नगराएमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५१ को उपनियम ३ मा भएको व्यवस्था बमोजिमको ब्याज सहित बाँकी सरह असुल गर्न सम्बन्धित निकायमा लेखी पठाइनेछ।

**तपसिल:**
**उपभोक्ता समितिको नाम : बौधी माई झोपु निर्माण उ.स., रामगोपालपुर नगरपालिका, वडा नं.–६**

| सि. नं. | पेश्की लिने पदाधिकारीको नाम, थर/पद/ना.प्र.नं. | बुबाको नाम, थर | ठेगाना |
|---|---|---|---|
| १. | **दिपक कुमार सिंह,** पदः उ.स. अध्यक्ष, ना.प्र.नं.: १८१०४३/६५ | व्रजन्दन राय | साविक गा.वि.स.: रामगोपालपुर वडा नं.– ८, हालः रामगोपालपुर नगरपालिका वडा नं.–६, महोत्तरी |
| २. | **अरुण कुमार मण्डल,** पदः उ.स. सचिव, ना.प्र.नं.: १८२०४३/१४९३ | भोला मण्डल | रामगोपालपुर नगरपालिका, वडा नं. ६, महोत्तरी |
| ३. | **चन्द्रकला देवी,** पदः उ.स. कोषाध्यक्ष, ना.प्र.नं.: १८३०४३/१३०९ | राम चन्द्र राउत | साविक गा.वि.स.: धमौरा वडा नं ७, हालः रामगोपालपुर नगरपालिका, महोत्तरी |

---

**परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल**
**थापाथली, काठमाडौं (फोन नं. ०१–५३६०२३१)**

**सिलबन्दी प्रस्ताव आब्हानको सूचनाको म्याद थप सम्बन्धमा**

**(प्रथम पटक प्रकाशित मिति २०८२।०९।०९)**

यस अस्पतालको विभिन्न बिज्ञापन/सूचनाहरु गोरखापत्रमा प्रकाशित गर्न प्रस्ताव आब्हानको सूचना मिति २०८२।०९।०४ गते प्रकाशन गरिएकोमा सो सूचनाको म्याद थप गरि प्रस्ताव पेश गर्ने अन्तिम मिति २०८२।०९।२० गते दिनको १२:०० बजे सम्म म्याद थप गरिएको र सोहि दिनको दिउंसो २:०० बजे सिलबन्दी प्रस्ताव खोलिने ब्यहोरा सम्बन्धित सबैकालागि यो सूचना प्रकाशित गरिन्छ।

---

**त्रि.वि. शिक्षण अस्पताल, महाराजगञ्ज, काठमाडौं**

**E-Bidding का माध्यमबाट बोलपत्र आह्वान गरिएको सूचना**

**प्रकाशित मिति : २०८२/०९/०९**

यस अस्पतालको माइक्रोबायोलोजी विभागका लागि Cartridge Based fully Automated Multiplex PCR System-1 Set खरिद गर्नुपर्ने भएकाले इ–बोलपत्र आह्वान गरिएको छ। इ–बोलपत्र खरिद गर्न इच्छुक इजाजत पत्र प्राप्त फर्मले आवश्यक कागजात सहित हिमालयन बैंक लि., महाराजगञ्ज, काठमाडौँको चल्ती हिसाब नं. खाता नं. ००२००५५३६५००१८ मा रू. ३,०००।०० (तीन हजार मात्र) को रकम जम्मा गरी (फिर्ता नहुने गरी) www.bolpatra.gov.np मार्फत E-Bidding खरिद गरी पेश गर्न सकिनेछ। इ–बोलपत्र खोल्ने बैठकमा उपस्थित बोलपत्र दाता वा निजका आधिकारिक प्रतिनिधिले इ–बोलपत्र फाराम खरिद गरेको सक्कल भौचर र बिडबन्ड लिई आउनुहुन अनुरोध छ।

| टेन्डर नं. | इ–बोलपत्रको विवरण | बुझाउने र खोल्ने अन्तिम मिति र समय | जमानत रकम |
|---|---|---|---|
| TUTH/NCB/goods/PB-25/2082/083 | Cartridge Based fully Automated Multiplex PCR System-1 Set | २०८२/१०/०९ गते १२:०० बजेसम्म र खोल्ने सोही दिन ०१:०० बजे | रू. २,२१,२००।– |

---

**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**
**सानोठिमी, भक्तपुर**

**स्टेसनरी मालसामान आपूर्ति सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

**प्रथम पटक प्रकाशन मितिः २०८२।०९।०९**

यस परिषद्का लागि २०८२।०८३ मा आवश्यक पर्ने देहाय बमोजिमको स्टेसनरी मालसामान आपूर्ति गर्ने प्रयोजनार्थ राष्ट्रिय स्तरमा सिलबन्दी दरभाउपत्र आह्वानका लागि यो सूचना प्रकाशन गरिएको छ। यो सिलबन्दी दरभाउपत्र इ–बिडिङ मार्फत Website: www.bolpatra.gov.np/egp बाट खरिद गर्न सकिनेछ।

| क्र.सं. | विवरण | बोलपत्र नं. |
|---|---|---|
| १ | परिषद् कार्यालयहरूमा स्टेसनरी मालसामान आपूर्ति गर्ने कार्य | CTEVT-SQ-STATIONARY–२०८२/८३–०१ |

**थप जानकारीका लागि सम्पर्क नं. ०१–६६३०४०८/६६३०७६९/६६३१४५८/६६३१४५९**

---

**नेपाल सरकार**
**कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरवार**

**सिलवन्दी दरभाउ-पत्र आह्वान गरिएको सूचना**

सूचना प्रकाशन मिति २०८२/०९/०९

यस मन्त्रालयको चालु आ.व. २०८२/८३ को अवधिको लागि आवश्यक स्टेशनरी तथा छपाई सम्बन्धी सामाग्री खरिद गर्न १५ दिन अवधि रहेको सिलवन्दी दरभाउ-पत्र आह्वान गरिएको छ। विस्तृत सूचना यस मन्त्रालयको सूचना पाटीमा टाँस गरिएको र वेबसाइट (https://www.moljpa.gov.np) मा राखिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ।

---

**काठमाडौं महानगरपालिका**
**यें महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**खरिद एकाइ**
**काठमाडौँ प्लाजा, कमलादी, काठमाडौँ**

**बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धी सूचना।**

**प्रकाशित मिति : २०८२।०९।०९ (नेपाल संवत् ११४६ पोहेलाथ्व चौथि)**

काठमाडौँ महानगरपालिका खरिद एकाइले तपसिलको कार्यका लागि गोरखापत्र (राष्ट्रिय) दैनिकमा सार्वजनिक सूचना प्रकाशन गरेको, तोकिएको समयभित्र रीतपूर्वक दर्ता भएका बोलपत्रहरूमध्ये तपसिलमा उल्लिखित बोलपत्र दाता न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही पाइएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(१) र २७(२) को प्रयोजनार्थ सम्बन्धित बोलपत्र दाता एवं सबै सरोकारवालाहरूका लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि. नं. | ठेक्का नं. | कामको विवरण | बोलपत्र स्वीकृत हुने फर्मको नाम | कबोल अङ्क (रु.) (मू.अ. कर र पी.एस. बाहेक) |
|---|---|---|---|---|
| 1 | 04-07-082-83-NCBW-KMC | Construction of Ward-32 Office Building | CHAUDHARY-VISHAN-ASSOCIATE JOINT VENTURE | ११,७९,३०,५११।०४ |

**खरिद एकाइ**

---

**नेपाल सरकार**
**संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय**
**(सिंहदरबार, काठमाडौँ)**

**विद्युतीय सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

**तेस्रो पटक सूचना प्रकाशित मिति : २०८२।०९।०९**

यस मन्त्रालयका लागि **All in One PC र UPS** विद्युतीय सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त इच्छुक फर्म/कम्पनीहरूले दरभाउपत्र फाराममा उल्लिखित सर्तहरूको अधीनमा रही विद्युतीय माध्यमबाट सिलबन्दी दरभाउपत्र पेश गर्न तेस्रो पटक यो सूचना प्रकाशन गरिएको छ। सो सम्बन्धी विस्तृत विवरण सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट **https://www.bolpatra.gov.np/egp/** मा उपलब्ध छ।

| सि. नं. | ठेक्का नं. | विवरण | दरभाउपत्र दस्तुर रु. | जमानत रकम रु. | जमानत मान्य अवधि | दरभाउपत्र पेश गर्ने अवधि | दरभाउपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | Moctca/SQ/2082/83/Goods/2RE01 | All in One PC र UPS खरिद | १,०००।– | ४०,०००।– | ७५ दिन | २०८२/०९/१६ गते दिनको १२:०० बजेभित्र। | २०८२/०९/१६ गते दिनको १३:०० बजे। |